# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

## येशू ख्रीष्टको बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

Editor : S. SAM SELVA RAJ    16 Languages    Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XX    YEAR OF OUR LORD JESUS CHRIST, 2020 JULY    No.8


### पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

परमप्रभुको प्रशंसा

**भजनसंग्रह ६४:१–१०**

१. मैले उजूर गर्दा मेरो पुकार सुन्नुहोस्, हे परमेश्‍वर, शत्रुको डरबाट मेरो ज्यानलाई जोगाइदिनुहोस् ।

२. दुष्टहरूको गुप्त योजनाबाट र कुकर्मीहरूका समूहको षड्यन्त्रबाट मलाई लुकाउनुहोस् ।

३. तिनीहरू आफ्ना जिब्रालाई तरवारझैं धार लगाउँछन् र तिनीहरूका वचन घातक काँडझैं ताक्छन् ।

४. निर्दोषलाई तिनीहरू ढुकेर हान्छन्, डरैबिना अचानक त्यसलाई हान्छन् ।

५. तिनीहरू आफ्ना दुष्ट षड्यन्त्रमा एक-अर्कालाई प्रोत्साहन दिन्छन्, पासो गुप्तमा थाप्ने मतो तिनीहरू गर्छन् । तिनीहरू भन्छन्, "कसले हामीलाई देख्छ र ?"

६. तिनीहरू अन्यायको षड्यन्त्र रच्तछन् र भन्छन्, "हामीले सिद्ध योजना बनाएका छौं ।" साँच्चै, मानिसका मन र हृदय धूर्त हुन्छन् ।

७. तर परमेश्‍वरले काँडहरूले तिनीहरूमाथि हान्नुहुनेछ, तिनीहरू अचानक घायल हुनेछन् ।

८. तिनीहरूका जिब्रो तिनीहरूकै विरुद्ध उहाँले फर्काइदिनुहुनेछ र तिनीहरूलाई नाश गर्नुहुनेछ । तिनीहरूलाई देख्ने सबैले गिल्ला गर्दै मुन्टो हल्लाउनेछन् ।

९. सबै मनुष्य-जाति भयभीत हुनेछन्, तिनीहरूले परमेश्‍वरका कामको घोषणा गर्नेछन् र उहाँले गर्नुभएको काममाथि ध्यान दिनेछन् ।

१०. धर्मीहरू परमप्रभुमा आनन्दित होऊन् र उहाँमा शरण लिऊन् । सोझो हृदय भएकाहरू सबैले उहाँको प्रशंसा गरून् ।

## "ए देश, नडरा, तँ खुसी भएर रमाहट गर् । निश्चय नै परमप्रभुले ठूला-ठूला कामहरू गर्नुभएको छ" (योएल २:२१) ।

**(पा. एस. साम सेल्भाराज)**

संसार अत्यन्तै कठिन दिनहरूबाट भएर गुज्रिरहेको छ, जुन पहिले कहिल्यै अनुभव गरिएको थिएन । अनिकाल महामारी, लडाइँहरू, बाढीहरू, भूकम्पहरू, ज्वालामुखी विष्फोटन आदि भएका थिए । तर वर्तमानमा **कोरोना** (कोभिड-१९) भाइरसबाटको महामारीको आक्रमणले संसार वास्तवमै कुच्चिएको छ । सम्भवत: संसारका सबै देशहरूमा लकडाउन घोषणा भएको छ, जहाँ अत्यावश्यक सेवाहरू र सामाग्रीहरू मात्रै अनुमति दिइएको छ । उद्योगहरूले आफ्ना काम बन्द गरेका छन्, सबै एयरलाइन्स, रेल सेवाहरू, बस सेवाहरू र ट्रक सेवाहरू रोकिएका छन् । किन ? अझै कृषिका कामहरू पनि रोकिएका छन् । सबै मण्डलीहरू बन्द भएका छन् र धेरै जना भेला हुन बन्द गरिएको छ । हाम्रो जीवनकालमा हामीले कहिल्यै यस्तो अवस्थाको बारेमा साक्षी भएका थिएनौं । मानिसहरूले सामाजिक दूरी कायम गर्दै घरभित्रै बस्नुपरेको, मास्कहरू लगाउनुपरेको र किटनाशकले हातहरू बारम्बार धुनुपरेको छ ।

### भाइरस

हामील स्पेनिस फ्लु, मार्बग, स्मल पक्स, हान्ता, डेंगु, एचआइभी, सार्स, जिका, निपाह, इबोला, आदिजस्ता भाइरसहरूका बारेमा सुनेका छौं, जसमा केहीचाहिँ अत्यन्तै भयानक थिए र धेरैको ज्यान पनि लिएको थियो । तर यी सबैमध्ये वर्तमान कोभिड-१९ चाहिँ सबैभन्दा खतरनाक महामारी हो, यसको विषालु स्वभावको कारण होइन तर यसको संक्रमणको उच्च क्षमताको कारण हो । यो पनि विषालु छ । संसारभरि मृत्युदर लाखौं पुगेको छ र संक्रमणको दर पनि लाखौं पुगेको छ । तापनि, देशहरूले लिएका बुद्धिमत्ता कार्यहरूले तिनीहरूका मानिसहरूका बीचमा जनचेतना अभिवृद्धि र समयमै उपचार सृजना गरिरहेको छ, यो विपत्तिलाई केही हदसम्म रोकिएको छ । तर भाइरसले संसारको अर्थतन्त्रको मेरुदण्ड पहिले नै भाँचिदिएको छ, जसमा करोडौं बेरोजगार भएका छन् ।

इटाली, स्पेन, फ्रान्स, यू.के., अमेरिका, रसिया, इरान, आदिजस्ता देशहरूले आक्रमणको प्रभाव बोकेका छन् । भारतमा मृत्युको दर सैयौं र संक्रमणको दर हजारौं पुगेको छ । तामिलनाडूमा केहीको मृत्यु भइसकेको छ र हजारौं मानिसहरू संक्रमित भएका छन् । भारतमा भएका सबै राज्यहरूमा केन्द्रको साथमा लकडाउन घोषणा

बाँकी पृष्ठ ४ मा

# ECHO OF HIS CALL - SINCE 1969

**OUR MISSION POLICY**

We should expound and teach the contemporary generation the undiluted teachings of the ancient and early Apostles. It is the need of the hour.



**"...म परमप्रभु तेरा परमेश्वर हुँ, जसले तेरो भलाइको निम्ति तँलाई सिकाउँछ, जसले तँ जानुपर्ने बाटोमा तँलाई डोऱ्याउँछ" (यशैया ४८:१७) ।**

प्रभु येशू खीष्टमा प्रियहरू,

प्रभु र संसारको मुक्तिदाता येशू खीष्टको नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं ।

मैले यो पत्र लेख्दै गर्दा संसारका सम्पूर्ण मानिसहरू अहिले कोभिड १९ ( कोरोना) सम्बन्धी भयमा जिइरहेका छन् । यो महामारीको कारण संसारभरिका हजारौं मानिसहरू मरेका छन् । हजारौं मानिसहरूलाई यो रोगको उपचारको भागको रूपमा अस्पतालमा अथवा उनीहरूकै घरहरूमा अलग राखिएका छन् । यो चासोको विषय हो । परमेश्वरले संसारका मानिसहरूमाथि कृपा देखाउनुभएको होस् र यो भयानक भाइरसलाई रोक्नुभएको होस् भनेर हामीले निरन्तर प्रार्थना गर्नुपर्दछ । यो रोगबाट प्रभावित भएका निर्दोष मानिसहरूका मृत्युले हाम्रो हृदयलाई चूर्ण बनाउँछ । त्यसैले, यो भाइरसको फैलावटको विरुद्ध लड्नु हामीजस्ता परमेश्वरलाई प्रेम गर्ने मानिसहरूका जिम्मेवारी हो । खीष्टियानहरूको जीवनशैली, उनीहरूका आराधनाको तरिका, तिनीहरूका प्रार्थनाको तरिका र परमेश्वरको सेवकाइ गर्ने तिनीहरूका तरिकाहरूले हामीलाई मात्रै अप्रसन्न बनाइरहेको छैन तर सर्वशक्तिमान परमप्रभु परमेश्वरलाई पनि बनाइरहेको छ । त्यसैले, परमेश्वरका सेवकहरूका साथमा परमेश्वरका मानिसहरूका निम्ति यो समय पश्चात्ताप गर्ने समय हो ।



बाइबलमा आधारित यो भयानक महामारीको निम्ति दुई वटा कारणहरू छन् । हामी २ इतिहास ७:१३,१४ पदलाई पढौं:

"जब म आकासको ढोका थुन्छु र पानी पर्दैन अथवा देशलाई नष्ट गर्न भनी सलहहरूलाई आज्ञा दिन्छु अथवा मेरो प्रजामाथि विपत्ति पठाउँछु,

यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैंलाई नम्र पारेर प्रार्थना गर्छ र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु र तिनीहरूका पाप क्षमा गर्नेछु र तिनीहरूको देशलाई म स्वस्थ्य पार्नेछु ।"

यी पदहरूलाई धेरै प्रार्थनाका सभाहरूको समयमा उधृत गरिएका छन् । प्राय: धेरै मानिसहरूले यी पदहरू सुनेका छन्, यी पदहरूबाट सम्प्रेषण गरिएको सन्देश साधारण कुरा बनेको छ र यो प्रार्थनाको आग्रहको बारेमा मानिसहरूमा कुनै साँचो चासो छैन । वर्षाको कमी, सलहहरू र विपत्ति परमप्रभु परमेश्वरको क्रोधको अभिव्यक्ति हुन् भनेर उहाँले प्रष्ट रूपमा भन्नुहुन्छ । कसैले पनि यो कुरा इन्कार गर्न सक्दैन ।

सबैभन्दा पहिले, परमेश्वरका छोराछोरी भनेर कहलाइने खीष्टियानहरूले परमेश्वरलाई सही तरिकामा आदर गर्न बिर्सेका छन् र उहाँका आफ्नै मानिसहरूले उहाँको महिमालाई अनादर गरेका छन् । मण्डलीहरूमा आराधनाका सेवाहरूलाई तिनीहरूले केही नाटकीय प्रदर्शनको अवसरजस्तै गरी संचालन गर्छन् । केही मण्डलीका सेवाहरू क्लबजस्तै छन् र व्यापारका केन्द्रजस्तो देखा पर्छन् । आराधनाका सेवाहरू व्यक्तिको विचार र चाहना अनुसार परिवर्तन हुन्छ । ती सेवाहरूमा वास्तवमै क्रम हुँदैन ।


CHIEF EDITORS
Pastor S. Sam Selva Raj
Angeline Selvakumari Henry, M.A., M.Ed.

MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.

ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager

EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M. Phil., B.Ed.

ADVISORY BOARD
Adv. Jose Abraham
Adv. N. Balaji, B.Com., B.L.
Dr. S. Rabinder Boaz, M.S.
Er. C.G.S. Baburao, B.Tech., M.Tech. (DM)
Aud. K. Puratchivendan, M.Com., B.L.
Bro. Rajeswaran Samuel, B.Com.

PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+91-44) 2852 8282
2852 9293, 2854 7766
Email : sam@echoofhiscall.org
biblecor@yahoo.co.in
Websites :
www.echoofhiscall.org
www.echoofhiscall.com



Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners Village English High School Crusades 100 Prayer Warriors Community Development

पुरानो समयका बाइबलीय मण्डलीहरूका शिक्षाहरू र सिद्धान्तहरू अहिले पछ्याइएका छैनन् र प्रशंसा र आराधनाको नाममा नाच र गीतहरू परिचय गराइएका छन् । त्यसकारण, वास्तवमै हामी अचम्ममा पर्छौं कि ती मण्डलीका सेवाहरू हुन् वा होइनन् ।

- परमेश्वरका मानिसहरू **सही समयमा** आराधना सेवाहरूमा सहभागी हुँदैनन् ।
- हाम्रा पुर्खाहरूजस्तै आजका मण्डलीका सदस्यहरू मण्डलीमा **परिवारझैं** जाँदैनन् ।
- आराधनाका सेवाहरूमा, परमेश्वरका मानिसहरूले आफ्ना **मोवाइल फोनहरू, ल्यापटपहरू, आदि** प्रार्थनाको समयमा, गीत गाउने समयमा र परमेश्वरको वचन प्रचार भइरहेको समयमा पनि प्रयोग गर्छन् ।
- हाम्रा पुर्खाहरूझैं आधुनिक समयका मानिसहरूले नोट लेख्न **बाइबल, भजन किताब र नोट किताब** बोक्दैनन् । त्यसको साटो तिनीहरूले आफ्नो मोवाइल फोनहरू लिन्छन् र आफ्ना फोनहरूबाट पदहरू पढ्छन् । पास्टरहरू र केही मण्डलीका सदस्यहरू पनि गीत गाउन र बाइबल पढ्न आफ्ना मोवाइलहरू प्रयोग गर्छन् ।
- जब सेवा भइरहेको हुन्छ, केही मण्डली जाने मानिसहरू मण्डलीको बाहिर उभिएर **मण्डली सेवाको अनादर गर्छन् ।** केही चिया पसलहरूमा जान्छन् भने केही रक्सी पाउने पसलमा पनि जान्छन् ।
- सेवा सिद्धिने बित्तिक्कै केही सदस्यहरू पास्टरहरूलाई **आलोचना** गर्छन् र मण्डलीमा को महत्वपूर्ण छ भनेर प्रमाणित गर्नको निम्ति तिनीहरूका विरुद्धमा बोल्छन् ।
- केही मानिसहरू मण्डलीभित्र राजनीति गर्छन् र आफ्नो शक्ति प्रमाणित गर्न र बाइबलीय सिद्धान्तहरूको नाउँमा एकअर्कासँग **बहस र लडाइँ गर्छन् ।**
- केहीचाहिँ आफ्ना **अत्याधुनिक लुगाहरू र गहनाहरू** प्रदर्शन गर्न रुचि राख्छन् ।
- केहीले आफ्ना **अत्यन्तै भिन्दै** विचारहरूलाई पुलिसथानामा लैजान्छन् र अदालतसम्मै लैजान्छन् ।

**यी सबै थोकहरूले हाम्रो जीवित परमेश्वरलाई कसरी प्रसन्न पार्न सक्छ ?**

**परमेश्वरको सेवकाइ गरिरहेका उहाँका सेवकहरूका बारेमा बाइबलले के भन्दछ ?**

*"तर दुष्टलाई परमेश्वरले भन्नुहुन्छ, "मेरो व्यवस्था पाठ गर्ने तेरो के हक छ ? वा तेरा ओठले मेरो करारको कुरा गर्ने तेरो के अधिकार छ ? तँ मेरा शिक्षालाई घृणा गर्दछस् र मेरा वचनलाई लत्याउँछस् । चोरलाई भेट्दा तँ चोरकै साथी हुन्छस् अनि तँ व्यभिचारीहरूको सङ्गत गर्छस् । खराबी बोल्नलाई तँ आफ्नो मुख चलाउँछस् र तेरो जिब्रोलाई छली कुराको लागि काममा लगाउँछस् । तँ निरन्तर आफ्नै भाइको विरुद्धमा बोल्छस् र तेरो साक्खै भाइको निन्दा गर्छस् । तैले यी सब काम गरेको छस् र म चूप लागें, तैले सोचिस्, म सर्वथा तँजस्तै छु । तर म तँलाई हप्काउनेछु र तेरै मुखको अगि तेरो दोष देखाउनेछु" (भजनसंग्रह ५०:१६-२१) ।*

**आफ्नो कामको निम्ति हामीलाई बोलाउनुहुने परमप्रभु हामीसँग र हाम्रा सेवाहरूसँग अप्रसन्न हुनुभएको छ र मण्डलीहरू बन्द गर्ने अनुमति दिनुभएको छ र हाम्रा सेवाहरूका विरुद्ध आफ्नो अनुहार फर्काउनुभएको छ । शबाथको दिनमा पनि हामीले आफ्ना मण्डलीहरू प्रयोग गर्न सक्षम भएका छैनौं । कृपया २ इतिहास २०, व्यवस्था ६ र २८ अध्यायहरू पढ्नुहोस् ।**

**२ इतिहास २९:६-८: "हाम्रा पुर्खाहरू त विश्वासघाती भएर परमप्रभु हाम्रा परमेश्वरको दृष्टिमा जे कुरो खराब थियो, त्यही नै तिनीहरूले गरे । तिनीहरूले उहाँलाई त्यागे र उहाँका बासस्थानको केही वास्तै गरेनन् । तिनीहरूले त उहाँतिर आफ्ना पीठ फर्काए । तिनीहरूले दलानका ढोकाहरू बन्द गरिदिए र बत्ती बाल्न पनि छोडिदिए । तिनीहरूले इस्राएलका परमेश्वरको पवित्रस्थानमा धूप बाल्न र होमबलि चढाउन छोडिदिए । यसैकारण परमप्रभुको क्रोध यहूदा र यरूशलेममाथि परेको छ र उहाँले तिनीहरूलाई घृणा, आतङ्क र हाँसोका पात्र तुल्याउनुभएको छ । ती तिमीहरू आफैं देख्दैछौ ।"**

**व्यवस्था ६:१२-१४:**

"तब होसियार गर र तिमीहरूलाई दासत्वको देश मिश्रबाट निकाली ल्याउने परमेश्वरलाई नभुल्नू । तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरकै डर मान्नू, उहाँकै सेवा गर्नू र उहाँकै नाउँमा शपथ खानू । तिमीहरूका वरिपरिका जातिहरूका अरू देवताहरूका पछि नलाग्नू ।"

**व्यवस्था २८:२०-२२:**

"उहाँलाई त्यागेर तिमीहरूले गरेका दुष्ट कामको कारणले तिमीहरू झट्टै नाशमा नपुगुञ्जेल र खतम नहोउञ्जेल परमप्रभुले तिमीहरूमाथि र तिमीहरूका हातका सबै काममाथि श्राप, गोलमाल र हप्की पठाउनुहुनेछ । तिमीहरूले अधिकार गर्न जान लागेको देशबाट तिमीहरूको नाउँनिशानै नमेटिञ्जेल परमप्रभुले तिमीहरूका बीचमा महामारी फैलाइदिनुहुनेछ । क्षयरोग, जरो, सूज, प्रचण्ड ताप, खडेरी, साथै वृक्ष ओइलाउने र ढुसी पर्ने रोगहरू ल्याएर तिमीहरू नष्ट नभएसम्म परमप्रभुले तिमीहरूलाई सताउनुहुनेछ ।"

दोस्रो, योचाहि येशू ख्रीष्टको दोस्रो आगमनको चिन्ह पनि हुन सक्छ, जब उहाँले यो संसारको न्याय गर्नुहुन्छ । बाइबलमा मत्ती २४:४-१३ मा यो कुरा उल्लेख गरिएको छ:

"तर येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होसियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस् । किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन् र धेरैलाई बहकाउनेछन् । तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ । नघबराओ किनकि यी हुनु आवश्यक नै छन् तर अन्त्य त त्यत्ति नै बेला हुँदैन । किनभने जातिको विरुद्धमा जाति र राज्यको विरुद्धमा राज्य उठ्नेछन् र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन् । तर यी सब त प्रसववेदनाको सुरु मात्र हो । तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन् र

तिमीहरूलाई मार्नेछन् र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन् । तब धेरै जना भड्केर जानेछन् र ठेस खानेछन् र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछन् र घृणा गर्नेछ । धेरै झुटा अगमवक्ताहरू खडा हुनेछन् र धेरैलाई बहकाउनेछन् । दुष्टता बढेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ । **तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ ।"**

हालै मात्र संसारका केही नेताहरूले यी समस्याहरूका पछाडिका कारण महसुस गरेका छन् भनेर हामीले सुनेका छौं । त्यसैले परमेश्वरले केही नयाँ काम गर्न सुरु गर्नुभएको छ भनेर हामीले विश्वास गर्छौं ।

त्यसैले यी दिनहरूमा, परमेश्वरका सेवकहरूले आफ्नो बोलावटको प्रकारलाई पुनर्विचार गर्नुपर्छ र आफ्नो मुक्ति, बप्तिस्मा र पवित्र जीवन सम्बन्धमा साँचो रूपमा पश्चात्ताप गर्नुपर्छ । निरन्तर शान्त नरही, हामीले यो संसारका मानिसहरू, शक्तिमा भएका मानिसहरूका निम्ति निरन्तर प्रार्थना गर्नुपर्छ, विशेष गरी मण्डलीहरू र मण्डलीका विश्वासीहरूका निम्ति पनि । सर्वशक्तिमान परमेश्वरले यो संसारका मानिसहरूलाई कृपा देखाउनुपर्छ । कुनै अर्को तरिका छैन ।

सबै महिमा परमेश्वरलाई ।

प्रभु येशू ख्रीष्टमा तपाईंको सेवक,

**एस. साम सेल्भाराज**

पृष्ठ १ बाट

गरिएको छ र आक्रमणलाई नियन्त्रणमा ल्याउन कठिन सङ्घर्ष गरिएका छन् । यो कार्य अत्यन्तै ठूलो छ ।

नोभेम्वर २०१९ मा चीनको वुहान प्रान्तबाट यो भयानक भाइरस फैलिएको थियो र छोटो समयभित्र नै जङ्गली आगोसरह त्यहाँबाट यो संसारका देशहरूमा फैलिएको छ । आजसम्म यो नयाँ भाइरसको निम्ति कुनै विशेष औषधी पत्ता लगाइएको छैन । अहिले उपलब्ध भएका औषधीहरू संक्रमित व्यक्तिहरूले देखाएका लक्षणहरूका अनुसार उनीहरूलाई दिइएको छ । अनुसन्धानकर्ताहरूले भाइरसको नियन्त्रणको निम्ति भ्याक्सीन खोजिरहेका छन् । तर सबै परीक्षणहरूमाथि सफल भएर प्रयोगशालाहरूबाट यो बाहिर आउनको निम्ति केही धेरै समय लाग्न सक्छ । जे भए पनि परमेश्वरका मानिसहरूमाथि येशू ख्रीष्टको रगतमा विशेष सुरक्षा हुनेछ ।

हाम्रो दिमागमा एउटा प्रश्न आउँछ, संसारमा किन यस्तो महामारी आउँछ ? जवाफ साधारण छ। जब मानिसहरू परमेश्वरबाट टाढा जान्छन्, उहाँले आफूतिर मानिसहरूलाई तान्न संसारमा त्यसलाई अनुमति दिनुहुन्छ । जेभए पनि परमेश्वरले यो संसार आफ्ना मानिसहरूका निम्ति सृष्टि गर्नुभएको थियो । परमेश्वरले आफूलाई मन नपर्ने,, दुष्ट र विद्रोहीहरूलाई सुधार गर्न चाहनुहुन्छ । जति चाँडो तिनीहरू उहाँकहाँ आउँछन्, त्यति नै चाँडो यो विपत्तिको अन्त्य हुनेछ ।

## नोआको दिनमा विपत्ति

नोआको दिमा परमप्रभुले पृथ्वीमा मानिसहरूको दुष्टता अत्यन्तै वृद्धि भएको देख्नुभयो र उसको हृदयका हरेक विचार निरन्तर दुष्ट मात्रै थियो । परमप्रभुले पृथ्वीमा मानिसहरूलाई बनाउनुभएको निम्ति अफसोस गर्नुभयो र उहाँको हृदय शोकित भयो (उत्पत्ति ६:५-६) । त्यसैले, परमेश्वरले मानिसलाई नष्ट गर्ने निर्णय गर्नुभयो, जसलाई उहाँले पृथ्वीबाट सृष्टि गर्नुभएको थियो, मानिस र पशुहरू, घस्रने जनावरहरू र आकासका पक्षीहरू । येशू ख्रीष्टको शब्दमा, जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन् (मत्ती २४:३७-३९) । नोआले परमप्रभुको दृष्टिमा अनुग्रह पाएका थिए किनकि उनी धर्मी मानिस थिए, उनी आफ्नो पुस्ताका सिद्ध थिए र परमेश्वरसँग हिँड्थे । त्यसैले परमेश्वरले नोआ र तिनको परिवारलाई बचाउन चाहनुभयो र उहाँले तिनलाई जहाज बनाउन भन्नुभयो । परमप्रभुको आज्ञाअनुसार नोआले जहाज बनाउन सुरु गरे । सोही समयमा उनले मानिसहरूका बीचमा धार्मिकताको बारेमा प्रचार गरे । तर मानिसहरूले ध्यान दिएनन् नता आफ्ना दुष्ट तरिकाहरूबाट फर्के (१ पत्रुस ३:२०, २ पत्रुस २:५) ।

परमेश्वरले नोआलाई आफ्नो परिवारसहित जहाजमा प्रवेश गर्न भन्नुभयो । परमेश्वरले उनलाई आफ्नो साथमा सात जोडी शुद्ध पक्षीहरू र जनावरहरू र एक जोडी अशुद्ध भाले र पोथी लैजान पनि भन्नुभयो । पानी परेर भल बाढी आयो । जहाजको ढोका परमेश्वरले बन्द गरिदिनुभएको थियो र त्यो तैरिन थाल्यो । सबै उच्च पहाडहरू डुबे । पानी १५० दिनसम्म परिरह्यो । पृथ्वीमा भएका सबै जीवित थोकहरू नष्ट भए । नोआ जहाजमा एक वर्ष १७ दिनसम्म बसे र पानी घटेपछि बाहिर निस्के । नोआको कुरा नसुन्ने मानिसहरू नष्ट भएका थिए । परमेश्वरले समय-समयमा आफ्ना सेवकहरूबाट संसारलाई चेतावनी दिनुहुन्छ । बुद्धिमान मानिसहरूले उहाँको आवाज सुन्छन् र तिनीहरूका मार्गहरू सुधार गर्छन् र विपत्तिबाट उम्कन्छन् ।

## सदोम र गमोरामा इन्साफ

यर्दनको समथरमा भएका नजिकैका सहरहरू सदोम र गमोरा थिए । सदोममा, अब्राहामका भतिजा लोत बस्ने गर्थे । यी दुई सहरहरूका मानिसहरू नोआको दिनमा भएका मानिसहरूभन्दा पनि ज्यादै हिंस्रक र भ्रष्ट र चरित्रहीन थिए । अब्राहामलाई भेट्न मानिसहरू (स्वर्गदूतहरू) आए र भोज खाए र सहरहरू भ्रमण गर्न चाहे । साँझको समयमा तिनीहरूले लोतलाई भेटे । उनले ती दुई मानिसलाई सो रात आफूसँगै बस्न आग्रह गरे । उनीहरूले त्यो कुरा माने र लोतसँग भोज खाए । तिनीहरू सुत्नुअघि सदोम र गमोराका बालकदेखि वृद्धसम्मका मानिसहरूले ती दुई मानिसहरूलाई शारीरिक रूपमा पहिचान गर्न उनीहरूको हातमा सुम्पन लोतलाई बाध्य पारे । लोतले आफ्नै दुई छोरीहरू दिने प्रस्ताव गरे तर तिनीहरूले मानेनन् । परमप्रभुले तिनीहरूलाई अन्धो पारिदिनुभयो र तिनीहरू पूरै क्षेत्रलाई छामछुम गर्दै रहे । परमप्रभुले लोत, उनको पत्नी र छोरीहरूलाई सहरलाई तुरुन्तै छोड्न आज्ञा दिनुभयो किनकि उहाँले त्यो नष्ट गर्न लाग्नुभएको थियो । परमप्रभुले भन्नभयो, "आफ्नो ज्यान जोगाउनलाई भाग, फर्केर पछाडि नहेर र बेँसीमा कतै पनि नअडिनू तर पहाडतिर भाग, नत्रता

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरले काम गर्नुहुन्छ प्रशंसाको निम्ति बुँदाहरू

जूलाइ १९: परमप्रभु परमेश्वरले हामीलाई कोभिड-१९ बाट जोगाइरहनुभएको छ ।

जूलाइ २०: हाम्रो सहसम्पादक भाइ पावलराजलाई उहाँको रोगबाट अनुग्रहपूर्वक निको पार्नुभएको छ ।

जूलाइ २१: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उनीहरूको सुरक्षाको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

जूलाइ २२: दयालु हृदय भएका प्रियहरूका निम्ति परमेश्वरलाई धन्यवाद देऔं, जसले कोरोनाबाट प्रभावित मानिसहरू र हाम्रा सेवकाइहरूलाई सहायता गर्न सुरु गरेका थिए ।

जूलाइ २३: सुसमाचार फैलाउन सुसमाचार नपुगेको क्षेत्रहरूमा प्रवेश गर्न परमेश्वरले हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभयो ।

जूलाइ २४: कोभिड-१९ को समयमा हामीले समस्याग्रस्त मानिसहरूलाई सहायता गर्न सकेका थियौं ।

जूलाइ २५: १६ वटा भाषाहरूमा भएको हाम्रो सुसमाचारीय साहित्यलाई परमेश्वरले आशिष् दिनुभयो, जुन हाम्रो छापाखानामा छापिएका छन् र मिसनको क्षेत्रमा पठाइएको छ ।

जूलाइ २६: कोभिड-१९ को बीचमा पनि जून, २०२० बाट **बोलावटको प्रतिध्वनि** पुन:प्रकाशन गर्न परमेश्वरले हामीलाई सहायता गर्नुभयो ।

जूलाइ २७: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** सम्पूर्ण सहयोगीहरूका निम्ति हामीले परमेश्वरको प्रशंसा गरौं ।

जूलाइ २८: हाम्रो मिसन फिल्डको कामहरूका बारेमा हामीले असल प्रतिवेदनहरू प्राप्त गरेका छौं ।

जूलाइ २९: हाम्रो सेवकाइहरूका सम्पूर्ण समर्पित कर्मचारी सदस्यहरूका निम्ति हामी परमेश्वरलाई प्रंसा चढाउँछौं ।

जूलाइ ३०: परमेश्वरले हाम्रा बाइबल कलेजका विद्याथीहरूलाई बचाउनुभयो ।

जूलाइ ३१: हाम्रो प्रभुले हाम्रो सिनियर पास्टर रेभ. एस. साम सेल्भाराज र उहाँको परिवारलाई सम्पूर्ण दुष्ट शक्तिहरूबाट बचाइरहनुभएको छ ।

अगस्त १: कोभिड-१९ समयावधिमा परमेश्वरले हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** सबै क्रियाकलापहरूमा आशिष् दिनुभयो ।

अगस्त २: हाम्रा सम्पूर्ण सेवकाइका क्रियाकलापहरू पुन:सुरुवात गर्न हामीलाई सहायता गर्नुभएको निम्ति परमेश्वरलाई धन्यवाद ।

अगस्त ३: संसारभरि भएका सम्पूर्ण आत्मिक र संसारका अगुवाहरूका निम्ति परमेश्वरको प्रशंसा गरौं ।

### प्रार्थनाका निम्ति बुँदाहरू

अगस्त ४: हाम्रो अङ्ग्रेजी सहसम्पादक भाइ एम. पावलराजको पूर्ण चङ्गाइको निम्ति प्रार्थना गरौं ।

अगस्त ५: संसारबाट कोरोना ज्वरोको उन्मूलनको निम्ति प्रार्थना गरौं ।

अगस्त ६: कोरोना ज्वरोको कारण आफ्ना प्रियजनहरूलाई गुमाएका शोकाकूल परिवारहरूका निम्ति प्रार्थना गरौं ।

अगस्त ७: संसारका मानिसहरूको पश्चात्तापको निम्ति प्रार्थना गरौं ।

अगस्त ८: फेरि पनि एक पटक परमेश्वरको अनुग्रह मानिसहरूमाथि खन्याइएको होस् ।

अगस्त ९: भारतमाथि भएको श्रापको निम्ति प्रार्थना गरौं ।

अगस्त १०: हामीलाई शैक्षिक सत्र २०२०-२०२१ को निम्ति **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ विद्यार्थीहरू आवश्यक छन् ।

अगस्त ११: यो महिनामा **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** सबै आर्थिक आवश्यकताहरू परमेश्वरले पूरा गरिदिनुभएको होस् भनेर प्रार्थना गरिदिनुहोस् ।

अगस्त १२: सम्पूर्ण संसारमा शान्तिको निम्ति प्रार्थना गरौं ।

अगस्त १३: संसारका सबै मानिसहरूको आवश्यकताहरूका निम्ति प्रार्थना गरौं ।

अगस्त १४: परमेश्वरले सम्पूर्ण संसारमा जागृति पठाउनुभएको होस् ।

अगस्त १५: शैक्षिक सत्र २०२०-२०२१ मा हाम्रो **नहेम्याह बाइबल कलेजहरूका** निम्ति परमेश्वरले समर्पित विद्यार्थीहरू देऊन् ।

अगस्त १६: हाम्रो सहसम्पादक भाइ एम. पावलराजले लेख्नुभएको "परमेश्वरको राज्य" नामक अङ्ग्रेजी पुस्तक चाँडै प्रकाशन गर्न परमेश्वरले हामीलाई सहायता गर्नुभएको होस् ।

अगस्त १७: **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** बहुसङ्ख्यक क्रियाकलापहरूका निम्ति प्रार्थना गरौं ।

अगस्त १८: हाम्रो मिसन क्षेत्रका कर्मचारीहरूका निम्ति प्रार्थना गरौं ।

पृष्ठ ४ बाट

तिमीहरू भस्म हुनेछौ" (उत्पत्ति १९:१७) । बिहानसम्ममा परमप्रभुले सदोम र गमोरामा आगो र गन्धक वर्षाउनुभयो र दुवै सहरहरूलाई नष्ट गर्नुभयो । पछाडि फर्केर हेरेकी लोतकी पत्नी नूनको खामो बनिन् ।

समलिङ्गी अत्यन्तै गहन पाप हो । त्यो लोतको दिनमा पनि स्थापित थियो । परमेश्वरले त्यो घृणा गर्नुभयो र त्यसलाई अभ्यास गर्ने दुई सहरहरूलाई नष्ट गर्नुभयो । आज पनि त्यो पाप स्थापित रहेको छ । संसारका धेरै देशहरूले त्यो अपराध होइन भनेर विधान घोषणा गरेर राखेका छन् । पुरुष र पुरुष अनि महिला र महिला बीचको विवाहलाई आदर गरिएको छ । संसारले यसलाई घृणा गर्नुपर्छ र दुष्टताबाट बाहिर निस्कनुपर्छ । त्यसैले, जब देशहरू परमेश्वरको इच्छा विपरीत जान्छन्, परमेश्वरले बाढी, महामारी, भूकम्प, आदिको रूपमा मानिसहरूमाथि आफ्नो इन्साफ पठाउनुहुन्छ ।

## रूढी रोकिएको थियो

राजा दाऊदको दिनमा आएको रूढीलाई परमेश्वरले रोक्नुभएको थियो । दाऊदले परमप्रभुसँग परामर्श नगरेर इस्राएल र यहूदाको जनसङ्ख्या गणना गर्न आफ्नो सेनापति योआबलाई भनेका थिए । दाऊदले जितेका लडाइँहरू उनको शक्तिले जितेको थिएन तर परमप्रभुद्वारा विजय भएको थियो । त्यसैले, उनले त्यस्तो अभ्यासमा जानुहुँदनथ्यो । आफ्नो तरवार चलायन सक्ने साहसी मानिसहरूलाई गणना गरिएको थियो । इस्राएलका तिनीहरू ८ लाख र यहूदा ५ लाख थिए । त्यसपछि दाऊदले महसुस गरे कि उनले मूर्ख काम गरे ।

परमेश्वरको वचन अगमवक्ता गादबाट आयो । दाऊदलाई तल दिइएकाहरूमध्ये एउटा विकल्प छान्न दिइएको थियो: भूमिका सात वर्ष अनिकाल, आफ्ना शत्रुहरूले आक्रमण गर्दा तिनीहरूबाट तीन महिना भाग्नुपर्ने र देशमा तीन दिन रूढी ।

दाऊद ठूलो चिन्तामा थिए । उनले कुनै पनि छान्न सकेनन् । उनले गादलाई भने, "म त साह्रै सङ्कष्टमा परेको छु । हामीलाई परमप्रभुको हातमा पर्नु नै बेस होला किनभने उहाँको करुणा महान् छ । तर मलाई मानिसहरूका हातमा पर्नु नपरोस्" (२ शमूएल २४:१४) ।

परमप्रभुले इस्राएलमा रूढी पठाउनुभयो र सत्तरी हजार मरे । तर जब स्वर्गदूतले आफ्नो हात यरूशलेममाथि तन्काए, परमप्रभुले रोक्नुभयो र स्वर्गदूतलाई भन्नुभयो, "अब भयो, अब आफ्नो हातलाई थाम ।" रूढी रोकिएको थियो । जब दाऊदले आफ्नो गल्ती स्वीकारे र आफैंलाई परमेश्वरको हातमा सुम्पे, यरूशलेमलाई छोडिएको थियो ।

## परमप्रभु के चाहनुहुन्छ ?

परमप्रभुले आफ्ना मानिसहरूमाथि ठूलो आशा राख्नुभएको छ । तर तिनीहरू उपयोगहीन बनेका छन् ।

*मैले त तँलाई भरिलो र भरपर्दोजस्तो गरी छानेको दाखको बोट पो रोपेको थिएँ । तँ कसरी मेरो विरुद्ध उठी भ्रष्ट जङ्गली दाखको बोट भइस् ? (यर्मिया २:२१) ।*

जब परमप्रभुका मानिसहरूले झुट बोल्छन् र उहाँलाई बिर्सन्छन्, उहाँ तिनीहरूसँग प्रसन्न बन्नुहुन्न ।

*तिमीहरूले कसको डर र भय मानेकाले मप्रति झुटा भयौ र न त मेरो सम्झना गर्‍यौ, न तिमीहरूको मनमा मेरो विचार गर्‍यौ ? के धेरै समयसम्म म मौन बसेकोले तिमीहरू मेरो डर मान्दैनौ ? (यशैया ५७:११) ।*

तैपनि परमप्रभु कृपालु हुनुहुन्छ र क्षमा दिइरहनुहुन्छ । उहाँले भन्नुहुन्छ:

*म सधैं दोषी ठहराउनेछैनँ र म सधैं क्रोधित हुनेछैनँ नत्रता मेरो सामन्ने मानिसको आत्मा शिथिल हुनेथियो– मैले सृष्टि गरेको मानिसको सास (यशैया ५७:१६) ।*

अब परमप्रभुले आफ्ना मानिसहरूलाई बोलाउनुहुन्छ:

अहिले पनि तिमीहरू आफ्ना सम्पूर्ण हृदयले उपवास बसेर, रुँदै र शोक गर्दै मतिर फर्क । आफ्नो लुगा होइन तर आफ्नो हृदय फटाएर परमप्रभु तिमीहरूका परमेश्वरतिर फर्क किनकि उहाँ अनुग्रहकारी, दयामा भरपूर, रिस गर्नमा ढीला र प्रेममा भरिपूर्ण हुनुहुन्छ र विपत्ति ल्याउनुहुँदा उहाँ दुःखित हुनुहुन्छ (योएल २:१२,१३) ।

त्यसैले, परमेश्वरका मानिसहरूको निम्ति यो समयचाहिँ हामी परमेश्वरको अघि कहाँ पतन भएका छौं भनेर स्व-जाँच गर्ने समय हो । जब हामी परमप्रभुकहाँ आएका थियौं, हामीले ठूलो उत्कट चाहना र प्रेम देखाएका थियौं र उहाँका तरिकाहरूमा तुरुन्तै हिँड्थ्यौं । एफिससको मण्डलीलाई लेखिएको सन्देशमा परमप्रभुले भन्नुभयो, "तर तिम्रो विरुद्धमा मसित यो कुरा छ कि तिमीले तिम्रो **पहिलो प्रेम** त्यागिदिएका छौ" (प्रकाश २:४) ।

हाम्रा मानिसहरूमध्ये धेरै जना परमेश्वरलाई मन नपर्ने काम गर्छन् र बिरलै मण्डलीमा आउँछन् भन्ने कुरा तथ्य नै हो । हरेक आइतवार, विशेष गरी यूरोपेली देशहरूमा ठूला मण्डलीहरूले आफ्नो ढोकाहरू परमप्रभुको आराधना गर्न मानिसहरूलाई निम्त्याउँदै खोल्छन् । केवल केहीले मात्रै ढोकाहरू भित्र पस्न र आराधनामा सहभागी हुन छनोट गर्छन् । उनीहरूका धेरै ठाउँहरू/बस्ने कुर्सीहरू खाली नै हुन्छन् । मण्डलीको निम्ति चाहना गर्ने केही मण्डलीहरूले आफ्नो भवन चलिरहेको सिनेमा र नाचघरको निम्ति बेच्नुपरेको थियो । केहीचाहिँ मद्यपान गर्ने पसलको रूपमा परिवर्तन भएका छन् । के परमप्रभु खुसी हुनुहुनेछ ? परमेश्वरको आराधना गर्ने कुराको निम्ति केहीले थोरै निगाह र चासो देखाउँछन् । हामी कहाँ छौं भनेर आफैंलाई जाँच गर्नको निम्ति हाम्रो निम्ति समय यही नै हो । त्यसैले, शोक गर्दै र चूर्ण भएर हामी अनुग्रहको सिंहासनअघि आऔं । हाम्रो परमेश्वर अझै पनि अनुग्रही र कृपामय हुनुहुन्छ ।

## प्रार्थनाको शक्ति

यहूदाका राजा हिजकिया बिरामी थिए र मर्न लागेका थिए । यशैया अगमवक्ता उनीकहाँ गए र भने, "तेरो घरलाई ठीकठाक् पार किनभने तँ मर्नेछस् । तँ निको हुनेछैनस् ।" हिजकियाले आफ्नो अनुहार भित्तातिर फर्काए र परमप्रभुलाई प्रार्थना चढाए:

*हे परमप्रभु, सम्झना राख्नुहोस्, म तपाईंको सामुन्ने कस्तो विश्वास र सम्पूर्ण हृदयको भक्तिसाथ हिँडेको छु र तपाईंको दृष्टिमा जे असल छ त्यो गरेको छु । अनि हिजकिया धुरुधुरु रोए (२ राजा २०:३) ।*

अगमवक्ता भर्खरै निस्केका थिए तर परमेश्वरको वचन आयो र उनी फर्के र भने, "मैले तेरो प्रार्थना सुनें र तेरो आँसु देखें । म तँलाई निको पार्नेछु । आजको तेस्रो दिन तँ परमप्रभुको मन्दिरमा जानेछस् । म तेरो आयु अरू पन्ध्र वर्ष बढाइदिनेछु । अनि तँलाई र यस सहरलाई

अश्शूरको राजाको हातबाट छुटाउनेछु । मेरो आफ्नै खातिर र मेरो दास दाऊदको खातिर म यस सहरको रक्षा गर्नेछु (२ राजा २०:५,६) । हिजकियाजस्तै हामी पनि आँसु र प्रार्थनाको साथमा परमप्रभुको चरणमा परौं । परमप्रभुले हाम्रा आँसु देख्नुहुनेछ र हाम्रो प्रार्थना सुन्नुहुनेछ र हामीलाई र संसारलाई भाइरसको भयानक आक्रमणबाट छुटकारा दिनुहुनेछ ।

संसारभरि नै परमेश्वरका मानिसहरू र परमेश्वरका सेवकहरूले तोडिएको हृदयको साथमा सर्वशक्तिमान परमेश्वरको अघि कृपा देखाउन प्रार्थनाहरू गरिरहेका छन् । मानिसहरू आफ्नो घरबाट बाहिर निस्केर घुँडा टेकेर र खुल्ला सडकहरूमा घोप्टो परेर, आफ्ना हात माथि फैलाएर परमप्रभुसँग बिन्ती गरिरहेका समाचार च्यानलहरूले प्रसारण गरेका छन् । तिनीहरूले यति धेरै पीडा र शोक अनुभव गरिरहेका थिए ।

यी प्रार्थनाहरूले हामीलाई एज्राले गरेको प्रार्थनालाई सम्झाउँछ, जब उनी निर्वासनबाट बेबिलोनबाट फर्किरहेका थिए । जब उनले पवित्र बिऊ बिटुलिएको देखे र त्यहाँ ठूलो आत्मिक र नैतिक पतन भएको थियो । उनी उपवास बसे र त्यहाँबाट उठे, जब उनले आफ्ना वस्त्रहरू च्यातेर, आफ्नो घुँडा टेकेर र परमप्रभुमा आफ्ना हात फैलाएर निश्चिन्त भएका थिए । उनले उहाँको (परमेश्वरको) आशिष्, उहाँको चेतावनीहरू र मानिसहरूका पाप सम्झे । उनले यस्तो भनेर आफ्नो प्रार्थनाको निष्कर्ष निकाले: “हे परमप्रभु, इस्राएलका परमेश्वर, तपाईं धर्मी हुनुहुन्छ । आज हामी अवशेषको रूपमा छोडिएका छौं । हामी आफ्नो दोषमा तपाईंको साम्नु उपस्थित छौं, यद्यपि हाम्रो दोषको कारण हामीमध्येको कोही पनि तपाईंको साम्नु टिक्न सक्दैन” (एज्रा ९:१५) । मानिसहरूले आफ्ना पापको पश्चात्ताप गरे र ती दिनमा ठूलो जागृति आएको थियो । सरकारको कडाइको कारणले गर्दा धेरै मण्डलीहरूले आपसमा मिलेर प्रार्थना र आराधना गर्न नपाए पनि तीमध्ये धेरैले सीमित सदस्यहरूका साथमा प्रार्थना र आराधना संचालन गरिरहेका छन् र आफ्नो मानिसहरूमाथि कृपा देखाउन परमप्रभुलाई बिन्ती गरिरहेका छन् । केहीले यसलाई लाइभ, टिभीको च्यानलहरू, यूट्यूब, ह्वाटस्एप, आदिबाट प्रसारण गरिरहेका छन् । हामीले मिलेर गर्ने प्रार्थनाको निम्ति यी विकल्पहरू होइनन् । प्रिय मित्रहरू, हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरू पनि गह्रौं हृदयको साथमा परमप्रभुको अघि खडा भइरहेको छ किनकि हामीले पनि हाम्रो प्रायः हुने मण्डलीका सेवाहरू संचालन गर्न सकेनौं । तापनि हामीले सीमित सदस्यहरूका साथमा आराधना र प्रर्थनाहरू संचालन गरिरहेका छौं र हाम्रा सदस्यहरू र सार्वजनिक रूपमा यूट्यूब र ह्वाटसएपबाट ठूलो बोझको साथमा यसलाई उपलब्ध गराइरहेका छौं । हाम्रो मुख्य चासो भनेको हाम्रा कोही पनि मानिसहरू भाइरसबाट संक्रमित नहोऊन् र संसारले चाँडोभन्दा चाँडो यसबाट छुटकारा पाउन सकोस् भन्ने हो । परमेश्वरले कसरी आफ्ना मानिसहरूलाई मिश्रबाट महामारीबाट बचाउनुभएको थियो भनेर हाम्रो प्रार्थनामा हामी सम्झन्छौं, विशेष गरी दशौं विपत्तिबाट, जब मिश्र नष्ट हुन लागेको थियो । त्यो समयमा इस्राएललाई बचाउने थुमाको रगतभन्दा पनि अधिक शक्तिशाली प्रभु येशू ख्रीष्टको रगत छ भनेर हामी विश्वास गर्दछौं । परमप्रभुको नाउँमा हामी थुमाको रगतमा सुरक्षाको दाबी गर्दछौं ।

## गरिबहरूलाई सम्झने

लकडाउनको समयमा संसारभरि करोडौंलाई बेरोजगार बनाउँदै समग्र औद्योगिक क्षेत्रहरू दुवै साना र ठूला बन्द भएका थिए । केहीचाहिँ केही समयको निम्ति खडा हुन सकेका थिए भने अन्यले सुरुबाटै असरको अनुभव गरेका थिए । परमप्रभुको वचनले भन्दछ: “देशमा गरिब सधैं हुनेछन् । यसकारण, म तिमीहरूलाई आज्ञा दिँदैछु, आफ्ना भाइबन्धु र आफ्नो देशमा भएका गरिब र दरिद्र हुनेहरूलाई उदार-चित्तले दिनू” (व्यवस्था १५:११) ।

परमेश्वरको वचनमा पाइएझैं हाम्रा वरिपरि गरिब र दरिद्रहरू हुन्छन् । हामीमध्ये कोही गरिब र दरिद्रहरूलाई सहायता गर्ने अवस्थामा हुन सक्छौं । त्यसैले, हाम्रा दाजुभाइ तथा दिदीबहिनीलाई सहायता गर्न हाम्रा हातहरू खोलौं । “गरिबप्रति दयालु हुनु परमप्रभुलाई सापट दिनु हो र त्यसले जे गरेको छ, त्यसको इनाम उहाँले त्यसलाई दिनुहुनेछ” (हितोपदेश १९:१७) । सरकारी राहतबाहतेक ठूलो सङ्ख्याका गैह्रसरकारी संस्थाहरू, स्वयंसेवी संस्थाहरू र व्यक्तिहरू दरिद्र र गरिबहरूलाई सहायता गर्न अगाडि आएका छन् । हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरूले पनि गरिब र आवश्यकतामा परेका हाम्रा मण्डली तथा सार्वजनिक दाजुभाइ तथा दिदीबहिनीहरूलाई सहायताको व्यवस्था गरेको थियो । परमेश्वरले यस्ता ठूलो हृदय भएका मानिसहरूलाई सम्झनुहुनेछ र उनीहरूलाई इनाम दिनुहुनेछ भनेर हामीले विश्वास गर्छौं ।

## हाम्रो विश्वास

कृपा र अनुग्रहका हाम्रा परमेश्वरले हाम्रा प्रार्थनाहरू पहिले नै सुनिसक्नुभएको छ । योचाहिँ हामीले देशको अनुहारमा देख्न सक्छौं । भाइरसको फैलावट अझै पनि डरलाग्दो भए पनि मृत्युदर घटिरहेको छ र धेरै देशहरूमा निको हुने दर वृद्धि भइरहेको छ । भारतसहित धेरै देशहरूले आर्थिक क्रियाकलापहरू प्रदान गर्न लकडाउनको योजनाबाट बाहिर निस्कने योजना गरेका छन् । केही देशहरू निको हुने अवस्थामा छन् । फेरि एक पटक भाइरसको फैलावट परमप्रभुले रोकिदिनुभएको होस् र पहिलेझैं संसारका देशहरूको आर्थिक अवस्था पुनर्जागृत हुन सकेको होस् भनेर हामीले निरन्तर प्रार्थना गरौं । परमेश्वरले यो चाँडै गर्नुहुनेछ भनेर हामीले विश्वास गर्छौं ।

हाम्रो परमप्रभु आराधनाको महान् प्रेमी हुनुहुन्छ । आफ्ना मण्डलीहरू बन्द भएको कुरामा उहाँ कहिल्यै खुसी हुनुहुनेछैन । उहाँका मानिसहरू ठूलो सङ्ख्यामा मण्डलीहरूमा भेला भएको, उहाँको अघि आफ्ना हृदय खन्याएको र उहाँको बेदीअघि प्रार्थनाको बास्ना फैलाएको उहाँ चाहनुहुन्छ । तिनीहरूका प्रार्थना सुन्न र अनुग्रह र आशिष् तल पठाउन उहाँ खुसी हुनुहुन्छ । आफ्ना सेवकहरू, पास्टरहरूबाट हरेक शबाथको दिनमा परमेश्वरले आफ्नो वचन दिनुहुन्छ । उहाँको वचन पूरै हप्ताको निम्ति भेडाहरूका लागि चर्न र खान पर्याप्त हुनेछ । ब्याटरीजस्तै योचाहिँ हरेक हप्ता हुने आत्मिक पुनःचार्ज हो । येशूले भन्नुभयो, “मेरा भेडाहरूले मेरो आवाज सुन्छन् र मलाई चिन्छन् र मलाई पछ्याउँछन्” (यूहन्ना १०:२७) ।

प्रिय मित्रहरू, हामी चाँडै नै महामारीबाट बाहिर निस्कनेछौं । हामीले चाँडै नै महान् शक्ति र समर्पणताको साथमा परमप्रभुको आराधना गर्नेछौं । हाम्रा मानिसहरूले उहाँको वचन सुन्नेछन् । हाम्रो आर्थिक कुराहरू पुनः सुचारु हुनेछन् र हाम्रा मानिसहरूले आफ्ना रोजगारीको निश्चयता पाउनेछन् र तिनीहरूका जीविकोपार्जन परमप्रभुको हातमा सुरक्षित छ । देशमा ठूलो आनन्द हुनेछ ।

हाम्रो परमप्रभु परमेश्वरलाई आराधना गर्ने कुरामा संसारमा नयाँ क्रम आउनेछ भनेर हामीले विश्वास गर्छौं । मानिसहरू भीडका साथ ठूलो उत्कट चाहना र समर्पणको साथमा उहाँको अघि आउनेछन् । परमेश्वरका सेवकहरूलाई पनि ठूलो समर्पण र बलिदानको साथमा आफैंलाई पुनर्समर्पण गर्नु जरुरी छ । सबै जना येशूको पछि कुद्नुपर्छ र संसारको पछि होइन । हाम्रो जीवनशैली परिवर्तन हुनुपर्छ । सबै आराधना गर्ने अगुवाहरू र प्रचारकहरूको लुगा लगाउने शैली भद्र हुनुपर्छ । परमेश्वरको वेदीले बलिदानको बारेमा सिकाउँछ । हाम्रा मार्गहरू निर्माण गर्न परमेश्वरले हामीलाई धेरै पहिले नै यो अवसर दिनुभएको छ ।

साँच्चै, हामी नयाँ क्रम, नयाँ संसारको निम्ति राखिएका छौं । संसार पहिलेजस्तो कहिल्यै हुनेछैन । "अनि परमप्रभुले मोल तिरेर छुटकारा दिनुभएकाहरू फर्केर आउनेछन् । तिनीहरू सियोनमा गाउँदै पस्नेछन् । सदासर्वदाको आनन्द तिनीहरूका शिरको मुकुट हुनेछ । तिनीहरूले रमाहट र आनन्द प्राप्त गर्नेछन् र शोक र सुस्केरा दूर हुनेछन्" (यशैया ३५:१०) । परमप्रभुले महान् थोकहरू गर्नुहुनेछ । उहाँले तपाईंका सबै आँसु पुछ्नुहुनेछ ।

**"ए देश, नडरा, तँ खुसी भएर रमाहट गर,**
**निश्चय नै परमप्रभुले ठूला-ठूला कामहरू गर्नुभएको छ "**

---

## प्रेमिलो अनुरोध

तपाईं सबैलाई थाहै छ, कर्मचारीको तलब, कागज खरिदको खर्च र यात्रा खर्चजस्ता विभिन्न आवश्यकताहरू पूरा गर्न हामीलाई निकै कठिन भएको छ । सामान्यतया: हामीले आफ्ना आर्थिक आवश्यकताहरू पूरा गर्न अरूलाई कहिल्यै भन्दैनौं । तर यो सेवकाइलाई साँचो रूपमा प्रेम गर्ने व्यक्तिहरूलाई आफ्ना भेटीहरू, मनी अर्डर, चेक वा डिमान्ड ड्राफ्ट, फोनपे, निफ्ट वा अन्य कुनै तरिकाहरूबाट पठाउन र यो सेवकाइमा हामीलाई सहायता गर्न आग्रह गर्दछौं । परमप्रभुले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ ।

**-सम्पादक**
**बोलावटको प्रतिध्वनि**


# NEHEMIAH BIBLE COLLEGES

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

**ECHO OF HIS CALL MINISTRIES** (ESTD.: 1969)

**Affiliated to Hindustan Bible Institute & College (HBI), Chennai**
&
**Recognised by the International Christian Leaders & Senior Pastors for the 50 Years! Hundreds of candidates benefitted!!**

**RESIDENTIAL COLLEGE, Velachery**
**(Medium: English & Hindi)**
Course : Diploma in Theology,
Qualification : 10th Standard
Period : One year (with field and administrative trainings)

Golden Opportunity!
Don't miss!!
God is Calling you!!!

**EVENING COLLEGE, Chepauk & Santhoshapuram**
**(Medium : Tamil)**
Course : Diploma in Theology
*Monday, Tuesday & Thursday 6.30 PM to 8.30 PM*
(Evening Classes - Chepauk)
Qualification : 10th Standard
Period : One year (with special Seminars on holidays)

**Pastor S. Sam Selva Raj, Founder-President**

**For more details & application forms please contact :**
NEHEMIAH BIBLE COLLEGES
10, Mohammed Abdullah 2nd Street, Bells Road, Opp. Cricket Stadium, Chepauk, Chennai - 600 005, India.
**Phone : (+91-44) 2852 8282, 2852 9293, 2854 7766, Cell No : (+91) 98410 71852, 95661 31858**
**E.mail : sam@echoofhiscall.org / biblecor@yahoo.co.in Websites : www.echoofhiscall.org / www.echoofhiscall.com**



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)
"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

"किनभने परमप्रभु नै तेरो साहस हुनुहुनेछ र उहाँले तेरो खुट्टालाई पासोमा पर्नदेखि जोगाउनुहुनेछ" (हितोपदेश ३:२६)।

नियमित रूपमा साँझ सडकहरू, बजारहरू, रेल बिसौनीहरू, बस बिसौनीहरू, समुद्रको किनाराहरू, आदिमा भाइ शमूएल दानिएल, विश्वासको प्रार्थना र पर्चा लिग, भाइ आर. जेम्स रोनाल्डको साथमा स्क्रिप्चर गिफ्ट मिसनले प्रकाशन गरेका सुसमाचारको पर्चाहरू र पुस्तकहरू वितरण गर्ने बानी ममा थियो। बिहानदेखि साँझसम्म म सरकारको निम्ति काम गरिरहन्थे र साँझदेखि रातसम्मै यो सुसमाचार वितरण कार्य गर्ने बानी ममा भएको कारण मानिसहरूले साँझको समयपछि म पागल मानिस हुने गर्थे भनेर टिप्पणी गर्न थाल्थे र यही कारणले गर्दा तिनीहरूले मलाई भिन्दै किसिमले हेर्न थाले र मबाट टाढा हुने र रहन थाले। तर मैले आफ्नो सेवकाइलाई निरन्तर अगाडि बढाइनै रहें। केही समयहरूमा मैले एक पटकमा १५ देखि २० किलोमिटरभन्दा कम हिँड्दैनथें र सर्वसाधारणलाई निःशुल्क सुसमाचारीय साहित्यहरू वितरण गरिरहें। तर मेरा नयाँ साथीहरूलाई एउटा स्थानमा जम्मा गर्न र परमेश्वरको बारेमा कुराकानी गर्न मसँग कुनै उपयुक्त स्थान थिएन।

एक दिन, सन् १९७३ को वर्षमा जब म केही मानिसहरूलाई सुसमाचारको बारेमा व्याख्या गर्दै र सुसमाचारका पर्चाहरू वितरण गरिरहेको थिएँ, तिनीहरू मतिर आए र मलाई अप्राकृतिके प्रश्नहरू सोध्न सुरु गरे र बजारकै क्षेत्रमा ममाथि शारीरिक आक्रमण गर्ने कोसिस गरे। मैले शारीरिक रूपमा एक्लो भएको महसुस गरें। समयको त्यो बिन्दुमा म डराएको थिएँ र त्यसको कारण मैले माथि स्वर्गतिर हेरें र परमेश्वरको सहायताको पुकारा गरें। मलाई बचाउन त्यहाँ कोही ख्रीष्टियान भाइ थिएनन् र त्यो साँझ ममाथि केही नराम्रो कुरा हुन्छ भनेर मलाई थाहा थियो। मेरा हात र गोडाहरू काम्न थाले।

अचानक, एक जना युवा अगाडि आए र सोधे, "तपाईं को हुनुहुन्छ?" मैले जवाफ दिएँ, "म सर्वशक्तिमान परमेश्वर येशू ख्रीष्टको नम्र सेवक हुँ।" उनले सोधे, "तपाईंले कसरी यहाँ यस्तो समस्या सृजना गर्न सक्नुहुन्छ?" मैले जवाफ दिएँ, "महोदय, मैले यहाँ कसैलाई पनि समस्या दिएको छैनँ। यो क्षेत्रमा भएका मेरा मानिसहरूका पाप र ख्रीष्टबिनाको जीवनको कारण अनन्त आगोको नरकतिर तानिइरहेका छन्। मैले उनीहरूलाई यो संसार र अनन्तमा खुसीको जीवनको बारेमा साँचो तरिकाको बारेमा प्रचार गरिरहेको छु।" तुरुन्तै, उनले मलाई घेरिरहेका मानिसहरूका बीचमा मलाई अङ्कमाल गरे र चुम्बन गरे। त्यसपछि उनले आफूलाई परिचय गराए कि उनको नाम ग्नानासिगामानी, वेश्ली चचए, रोयापेट्टाह, चेन्नाइ-१४ थियो र उनले मलाई ती मानिसहरूबाट बचाए।

त्यसपछि उनले मलाई आफ्नो घरमा लगे र मेरो साप्ताहिक प्रार्थना सभा संचालन गर्न मेरो निम्ति "मोहम्मद हुसैन स्ट्रिट" मा भएको उनको घरमा भए(को एउटा क्षेत्र दिए। उनले आफ्नो पत्नी श्रीमती एन्जलिन र उनको सानो छोरा र छोरीलाई मेरो वास्ता गर्न र सेवकाइमा सहायता गर्न भने। आफ्नो प्रेम, सहायताद्वारा करिब ४० वर्षदेखि उनले मलाई सहायता गरिरहेका थिए र अन्त्यमा अक्टोवर, २०१२ मा उहाँ शान्तिपूर्वक महिमामा प्रवेश गर्नुभयो। परमेश्वरले यो नम्र सेवकप्रति उनको चासोलाई आदर गर्नुभयो र उनको पत्नी र दुई छोराछोरीलाई अत्यन्तै आशिष् दिनुभयो।

परमेश्वरले भन्नुहुन्छ, "साँच्चै, म तिमीहरूलाई भन्दछु, यी मेरा भाइहरूमध्ये सानालाई पनि तिमीले गर्छौ भने तिमीले मलाई नै गऱ्यौ।" कृपया अरूलाई भलाइ गर्नुहोस्, विशेष गरी परमेश्वरका छोराछोरीलाई। परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

---


## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैह्रख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि;** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

## ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

बिस्तृत जानकारीको लागिः अध्यक्ष, नहेम्याह बाइबल कलेज

10, Mohammed Abdullah 2nd Street, Opp. Cricket Stadium,
Chepauk, Chennai - 600 005, India.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766, Cell : 98410 71852. 95661 31858**
**E-mail : biblecor@yahoo.co.in**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/18-20 WPP NO. TN/PMG(CCR)/WPP-220/18-20

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministry** is supported by the free-will offerings and donations of the God's Children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us. Whenever you change your postal or e-mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our websites also. You can read it by going into the site as well as downloading it and get blessed.

Your letters, prayer requests and your financial helps (by D.D., Cheque, M.O. etc.) to **ECHO OF HIS CALL** may be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.


## ECHO OF HIS CALL

10, Mohammed Abdullah 2nd Street, Chepauk,
Chennai - 600 005, India
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766,
Cell: (+91) 98410 71852, 95661 31858
E-mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.echoofhiscall.com


**YOU CAN SEND YOUR DONATIONS ON ONLINE ALSO**

## PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEADQUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
4. Nehemiah Bible Colleges (Two Centres)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 5.30 a.m. , 7.00 a.m. & 10.00 a.m. Sunday**
14. **Malayalam Service : 2.00 p.m. Sunday**
15. **Telugu Service : 4.00 p.m. Sunday**
16. **Hindi Service : 5.00 p.m. Sunday**
17. **English & Tamil Service : 6.00 p.m. Sunday**
18. Pastors' Counselling : 4.00 p.m. Sunday
19. Women's Prayer : 5.30 p.m. Wednesday
20. Mid-week Bible study : 6.30 p.m. Wednesday
21. Men's Prayer : 7.00 p.m. Friday
22. Workers' Meeting : 6.00 p.m. Saturday
23. House Meetings : 6.30 p.m. Monday & Tuesday
24. Special Holy Communion : 5.30 a.m. 1st day of each month
25. Ministers Review Meeting : 5.30 p.m. First Saturday
26. Parents' Prayer : 4.00 p.m. First Sunday
27. Night Prayer : 9.30 p.m. Second Friday
28. Fasting Prayer : 9:30 a.m. Third Saturday
29. Holy Communion : Second Sunday Services
30. Morning Devotion : 5.30 a.m. daily
31. Staff Devotion : 9.00 a.m. daily
32. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

**The details of our Bank Accounts are given below. Please inform us the details of your remittances.**

| Bank | Branch | Name | IFSC Code No. | Account Number |
|---|---|---|---|---|
| 1. STATE BANK OF INDIA | Triplicane, Chennai -5 | S. Sam Selva Raj | SBIN 0000249 | 102329 34679 |
| 2. ICICI BANK | Anna Salai, Chennai -2 | Echo of His Call | ICIC 0006038 | 6038 05022319 |


**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/18-20**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/18-20**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 3rd AUGUST 2020**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**


***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**